NRB Directive Form No. 4.2

# Manakamana Smart Laghubitta Bittiya Sanstha Limited

Siddharthanagar-5,Rupandehi

## Unaudited Financial Results (Quarterly)

As at 4th Quarter (BS-31/03/2080 Or AD-16 July. 2023) of the Fiscal Year 2079/2080

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **1,028,696.47** | **1,072,626.37** | **1,199,428.86** |
| 1.1 | Paid-up Capital | 148478.41 | 141745.50 | 141745.50 |
| 1.2 | Reserves and Surplus | 18337.91 | 18741.17 | 36449.02 |
| 1.3 | Debenture and Bond | | - | - |
| 1.4 | Borrowings | 344210.12 | 376216.39 | 524859.97 |
| 1.5 | Deposits (a+b) | **412,405.89** | **426,983.16** | **410,094.34** |
| | a. Member | 412,405.89 | 426,983.16 | 410094.34 |
| | b. Public | | - | |
| 1.6 | Income Tax Liabilities | | - | |
| 1.7 | Other Liabilities | 105,264.13 | 108,940.16 | 86280.03 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **1,028,696.47** | **1,072,626.37** | **1,199,428.86** |
| 2.1 | Cash & Bank Balance | 63,465.79 | 70,346.78 | 65378.97 |
| 2.2 | Money at call and short Notice | | - | - |
| 2.3 | Investments | 52,250.00 | 22,250.00 | 32000.00 |
| 2.4 | Loans & Advances | 871,707.98 | 934,999.15 | 1062593.48 |
| 2.5 | Fixed Assets | 6,227.66 | 7,507.65 | 7123.82 |
| 2.6 | Non Banking Assets | | - | - |
| 2.7 | Other Assets | 35,045.04 | 37,522.79 | 32332.59 |
| 3 | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest income | 148,049.07 | 108,553.69 | 152341.78 |
| 3.2 | Interest Expense | 87,753.61 | 67,015.00 | 77044.13 |
| A | **Net Interest Income (3.1-3.2)** | **60,295.47** | **41,538.68** | **75,297.65** |
| 3.3 | Fees Commission and Discount | 1,088.42 | 806.45 | 1502.75 |
| 3.4 | Other Operating Income | 13,438.29 | 10,406.72 | 19302.69 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **74,822.17** | **52,751.86** | **96,103.09** |
| 3.6 | Staff Expenses | 50,351.69 | 39,388.15 | 49647.01 |
| 3.7 | Other Operating Expenses | 18,230.30 | 12,275.75 | 18406.92 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **6,240.18** | **1,087.96** | **28,049.16** |
| 3.8 | Provision for Possible Loss | 77,828.43 | 64,948.91 | 20997.02 |
| D | **Operating profit (C-3.8)** | **(71,588.24)** | **(63,860.95)** | **7,052.14** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 75,030.57 | 59,608.43 | 20584.57 |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **3,442.33** | **(4,252.52)** | **27,636.71** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | 2808.75 |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **3,442.33** | **(4,252.52)** | **30,445.46** |
| 3.12 | Provision For Staff Bonus | 344.23 | | 3044.54 |
| 3.13 | Provision For Tax | 929.43 | | 8220.28 |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **2,168.67** | **(4,252.52)** | **19,180.64** |
| 4 | **Ratios** | **At the End of This Quarter** | **At the End of Previous Quarter** | **At the End of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 16.75% | 15.85% | 15.75% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 9.57% | 11.95% | 4.22% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 43.37% | 34.65% | 54.29% |
| 4.4 | Cost of Funds | 10.14% | 9.83% | 8.44% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 211.37% | 218.98% | 259.11% |

Interest Rate: Loan:=> 15% , Deposit:= 7.5 - 9.5%

Note: Audited financial statement may differ if the supervising authority and external auditor directs to alter the statements.

## धितो पत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि- १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित
## आ.व.२०७९/८० को चौथो त्रैमासिक विवरण (लेखा परीक्षण नभएको)

१. वित्तीय विवरण:

**क. त्रैमासिक अवधिको वासलात , नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।**

**ख.प्रमुख वित्तीय सुचकांकहरु देहाय वमोजिम रहेको छ ।**

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पतिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १।४६ | ५१८।२१ | १३५।०२ | ६८७।८४ | ६।३४ |

**२. व्यवस्थापकीय विश्लेषण:**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धि विवरण:**

यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात तथा तरलता नियामक निकायले तोके अनुरुप कायम गरिएको छ। कर्जा व्याज आम्दानी प्रभावित हुनुको साथै फण्डको लागत उच्च रहेकोले खुद मुनाफामा कमी आएको छ। कोभिड -१९ को कारणले परेको असर र लघुवित्त विरुद्धका आन्दोलनका कार्यक्रमहरुले समेत असुलीमा असर पर्न गएकोले खुद नाफा तथा सकृय कर्जा प्रभावित भएको छ। संस्थाले लगानी गरेको कर्जामा व्याजदर स्थिर रहेको , निक्षेप व्याजदर उच्च रहेको र संस्थाको आधार दर उच्च रहेकोले खुद मुनाफा न्युन रहेको छ।

**ख.आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**

त्रैमासिक अवधिको अन्त्य सम्म संस्थाले आफ्नो कार्यक्षेत्र लुम्बिनी प्रदेशको १२ वटा जिल्लाहरु मध्ये ९ जिल्लामा ३८ वटा शाखा विस्तार गरेको छ। मुद्रा वजारवाट ऋण सापटको उपलब्धता सहज नभएको, कर्जा लगानीको अधिकतम सीमा घटेको र अन्य वैंक तथा वित्तीय संस्थावाट कर्जा लिएका सदस्यहरुलाइ कर्जा लगानी रोकिएको कारणले यस त्रयमासमा समेत वाँकी रहेको कर्जाको आयतनमा कमी आएको छ । आगामी अवधिमा ऋणीहरुलाइ वित्तीय साक्षरता प्रदान गर्ने, ऋणीहरुको क्षमता अभिवृद्धी तथा उद्यमशीलता विकासको लागि तालिम संचालन गर्ने , कर्जाको गुणस्तर कायम गर्ने, कर्जा सदुपयोगितामा जोड दिने , आन्तरिक नियन्त्रण प्रणालीलाइ शसक्त वनाउने र कर्मचारी दक्षता तथा उत्पादकत्व वृद्धी गर्न तालिम संचालन गर्ने जस्ता विषयलाइ प्रभावकारी ढंगले कार्यान्वयन गर्ने योजना रहेको छ। साथै एक आपसमा नजिक रहेका शाखा कार्यालयहरु गाभ्ने योजना समेत रहेको छ।

**ग. विगतको अनुभववाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना,अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:**

* संस्थाले जोखिम न्युनीकरण गर्दै कारोवार विस्तार गर्ने नीति लिएको छ। नियामक निकायले तोके अनुसारको जोखिमको व्यवस्था समेत गरेको छ। विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको असर र विगत केही महिना देखि लघुवित्त विरुद्धका कार्यक्रमहरुले गर्दा कर्जा असुलीमा नकारात्मक असर परेको छ। अन्य वैक वित्तीय संस्थावाट लिएको सापटीमा व्याज दर उच्च विन्दुमा पुगेको छ। संस्थाले सदस्यहरुवाट संकलन गरेको वचत निक्षेपको व्याजदर समेत उच्च रहेकोले आधार दर समेत उच्च रहेको छ। उच्च व्याज दरमा समेत वैक वित्तीय संस्थाहरुवाट थप कर्जा पाउन सक्ने अवस्था नभएकोले कारोवार विस्तारमा वाधा पुगेको छ। संस्थाको आधारदरको अवस्था हेरी व्याजदर निर्धारण गर्न नसकिएमा संस्थाको आगामी अवधिमा नाफामा समेत असर पर्न सक्ने देखिन्छ।

**३.कानुनी कारवाही सम्बन्धी विवरण:**

(क) यस अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको विरुद्धमा पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) यस वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) यस वित्तीय संस्थाको कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धि विश्लेषण:**

**(क) धितोपत्र वजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा:**

यस वित्तीय संस्थाको शेयर मूल्य तथा कारोवार धितोपत्र विनिमय वजारको कारोवार मार्फत तय हुने भएकोले यस सम्बन्धमा व्यवस्थापनको कुनै टिप्पणी नरहेको।

**(ख)** नेपाल स्टक एक्सचेन्ज लि. को वेवसाइट WWW.nepalstock.com अनुसार यस संस्थाको शेयर कारोवार यस त्रैमासिक अवधिमा देहाय अनुसार भएको देखिन्छ।

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रु. | अन्तिम मूल्य रु. | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ८००। | ५९८।१० | ७५६।९० | ६२ | १३०३ |

**५. समस्या तथा चुनौती:**

**आन्तरिक:** बढ्दो प्रतिस्पर्धात्मक वातावरणमा दक्ष जनशक्तिको अभाव, विगत केही महिना देखि लघुवित्त संस्था विरुद्ध देशव्यापी रुपमा आन्दोलन र संघर्षका कार्यक्रमहरुले कर्मचारीहरुलाई संस्थाको केन्द्र सचालनमा वाधा व्यवधान र असुरक्षाको वातावरण सृजना भएकोले कर्जा विस्तार तथा व्यवस्थापन गर्न समस्या भएको छ। वैक तथा वित्तीय संस्थाहरुवाट संस्थाले लिएको सापटीमा उच्च व्याजदर रहेकोले व्याज खर्चमा वृद्धी भएको छ। सदस्यहरुको निक्षेपमा संस्थाले दिने व्याजदर समेत उच्च रहेकोले आधारदर उच्च हुन पुगेको छ। आधार दर भन्दा कम व्याजदरमा संस्थाले कर्जा लगानी गर्नु परेको अवस्थाले संस्थाको मुनाफा समेत संकुचित हुँदै गएको अवस्था रहेको छ।

**वाह्य:** कोभिड १९को कारणले ऋणीहरुको कारोवार प्रभावित भएको कारणले संस्थाको सांवा व्याज असुलीमा नकारात्मक असर परेको छ। विश्वव्यापी रुपमा मुद्रा स्फिति उच्च हुँदै गएको अवस्थामा हाम्रो अर्थतन्त्र समेत प्रभावित हुन सक्ने अवस्था रहेको छ। वैक तथा वित्तीय संस्थाहरुवाट उच्च व्याजदरमा पनि ऋण सापट पाउन सकिने अवस्था नभएकोले कर्जा लगानी संकुचित हुन पुगेको छ भने लघुवित्त संस्था विरोधी कार्यक्रमहरुका कारण लगानीमा रहेको कर्जा असुली गर्न असहज भएको अवस्था छ।

**समाधान:** समय सापेक्ष वजार दर अनुसारको कर्जा व्याज दर कायम गर्दै जान सकेमा र कर्जा सेवाको गुणस्तरमा सुधार गर्ने कार्यलाइ प्राथमिकताका साथ निरन्तरता दिन सकेमा आगामी दिनमा मुनाफामा सुधार गर्न सकिन्छ। यसको साथै वहुल कर्जामा नियन्त्रण र विना धितो कर्जा सीमा घटाउदै जान सकेमा सदस्यहरुको असह्य ऋणभार घटाउन सहज हुनेछ। कर्जाको गुणस्तर सुधार गर्न नियमनकारी निकायवाट असुली नीतिमा संसोधन गरी खराव ऋणीलाइ तत्काल कानूनी दायरामा ल्याई कारवाही गर्न सकिने नीतिगत व्यवस्था गर्न आवश्यक रहेको छ। कर्मचारी उत्पादकत्व वृद्धी गर्न र खर्च न्यूनीकरण गर्नको लागि संस्थाको शाखा संख्या सम्भव भए सम्म घटाउनु पर्ने देखिएकोले नियामकीय निकायवाट शाखा मर्ज गर्ने प्रकृया सहज वनाउन आवश्यक देखिन्छ।

**६.संस्थागत सुशासन:**

यस वित्तीय संस्थाले नेपाल राष्ट्र वैंकवाट जारी गरिएको संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नका साथै प्रचलित नियम कानूनको समेत परिपालना गर्ने गरिएको छ। संस्था संचालन गर्न अपरिहार्य नीति नियमहरुको तर्जुमा गरिएको छ। संस्थाको प्रवन्ध पत्र, नियमावली, कर्जा नीति, आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली,कर्जा अपलेखन विनियमावली, निक्षेप परिचालन निर्देशिका, सम्पत्ति दायित्व व्यवस्थापन नीति, जोखिम व्यवस्थापन नीति, सूचना प्रविधि नीति, लेखा नीति, सम्पत्ति सुद्धीकरण व्यवस्थापन नीति, ग्राहक संरक्षण नीति, ग्राहक सरक्षणकोष संचालन कार्यविधि, ग्राहक पहिचान तथा केन्द्र संचालन कार्यविधि, सचालक शिक्षा कार्यविधि लगायतका नीति निर्देशिकाहरु तयार गरी सोही अनुसार कार्य गर्दै संस्थागत सुशासन कायम गरिएको छ। संचालक स्तरीय आन्तरिक लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति सुद्धीकरण निवारण सम्बन्धी समितिहरु गठन गरी आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रभावकारी वनाउने व्यवस्था गरिएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोष:** आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरु सत्य रहेको छ। साथै म यो उदघोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।